# जनता समाजवादी पार्टी, नेपाल
PEOPLE'S SOCIALIST PARTY, NEPAL
केन्द्रीय कार्यालय, बालकुमारी ललितपुर
स्था: २०७७


प.सं. :
च.नं. :

मितिः२०७८।१२।०२

श्री केन्द्रीय कार्यकारिणी समिति सदस्यहरू/
केन्द्रीय समिति, संघीय परिषद् सदस्यहरू/प्रदेश समिति/विशेष प्रदेश समिति/पहिचानमा आधारित राष्ट्रिय समिति/जिल्ला समन्वय समिति ।

## पार्टी परिपत्र

मिति २०७८ साल फाल्गुन २८ गते जनता समाजवादी पार्टी, नेपालको संघीय परिषद् र फाल्गुन २९ र ३० गते केन्द्रीय समितिको बैठक काठमाडौंमा बस्यो । बैठकमा निम्न लिखित निर्णयहरू गरिएको छ । बैठकका निर्णयहरू कार्यान्वयन गर्न/गराउनका लागि यो निर्देशनात्मक परिपत्र जारी गरिएको छ ।

**राजनीतिक प्रतिवेदन, कार्यदिशा, समसामयिक प्रस्ताव र स्थानीय तह निर्वाचन सम्बन्धी :**

१) संघीय परिषद्को बैठकमा **"समसामयिक राजनीति र जसपाको कार्यदिशा"** विषयक राजनीतिक प्रतिवेदन संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराईद्वारा प्रस्तुत गरियो । उक्त प्रतिवेदनमाथि छलफलका लागि ८ वटा समूहहरू निर्माण गरी व्यापक छलफल गरियो । उक्त प्रतिवेदन सम्बन्धमा आएका सुझावहरूसमेत समावेश हुने गरी सर्वसम्मतीले पारित गरियो ।

२) केन्द्रीय समितिको बैठकमा कार्यकारिणी सदस्यहरू नवराज सुवेदी, मनिष कुमार सुमन र हिसीला यमीद्वारा प्रस्तुत **"स्थानीय तह निर्वाचन निर्देशिका-२०७८"** लाई व्यापक छलफल गरी सुझावसहित पारित गरियो ।

३) कार्यकारिणी समिति सदस्य रकम चेम्जोङद्वारा प्रस्तुत समसामयिक राजनीतिक प्रस्तावहरू सर्वसम्मतीले पारित गरियो ।

४) स्थानीय तहको निर्वाचन-२०७९ का लागि जसपा, नेपालका विभिन्न तहका उम्मेदवारका लागि दिइने पार्टी मनोनयन पत्रमा हस्ताक्षर गर्ने अख्तियारी वरिष्ठ नेता, अशोक कुमार राईलाई दिने निर्णय गरियो ।

५) स्थानीय तह निर्वाचन सम्बन्धी काममा निर्वाचन आयोगसँग समन्वय गर्ने जिम्मा केन्द्रीय कार्यकारिणी सदस्य तथा केन्द्रीय कार्यालय प्रमुख प्रकाश अधिकारी र गंगानारायण श्रेष्ठलाई दिने निर्णय गरियो ।

Email: jasapanepal2077@gmail.com / fspnepal@gmail.com / Phone: 01-5186392

६) केन्द्रीय समितिको बैठकमा सम्पूर्ण केन्द्रीय सदस्यहरूलाई निर्वाचन अभियन्ताको रूपमा कार्य गर्न पालिकाहरूमा निर्वाचन अवधिभरका लागि जिम्मेवारी तोकियो । स्थानीय तहको निर्वाचन अवधिभर सम्पूर्ण केन्द्रीय सदस्यहरू र संघीय परिषद्का सदस्यहरू आ-आफ्नै जिम्मेवारी पाएका कार्यक्षेत्रमा रही कार्य गर्नु पर्ने छ र सोको प्रतिवेदन निर्वाचन पछि केन्द्रीय कार्यालयमा बुझाउनु पर्नेछ ।

**७) संगठनात्मक निर्णयहरू:**

डा.बाबुराम भट्टराई, उपेन्द्र यादव र अशोक कुमार राई रहने जसपा, नेपालको पार्टी मूख्यालय गठन गर्ने निर्णय गरियो । उक्त मूख्यालयले केन्द्रीय कार्यकारिणी समिति नबसेको अवस्थामा कार्यकारिणी समितिले गर्नु पर्ने पार्टीका आवश्यक निर्णयहरू गरी कार्यान्वयन गर्ने/गराउने छ ।

८) समायोजनका विषयमा छलफल गरी निम्न निर्णयहरू गरियो ।

क) चैत्र १० गते भित्र सबै तहका पार्टी समितिको बाँकी रहेका समायोजन सम्बन्धी कार्य सम्पन्न गरि सक्ने ।

ख) केही अपवाद बाहेक पूर्व समाजवादी पार्टी र पूर्व राजपा, नेपालका समान स्तरका समितिहरूका बीचमा नै बाँकी रहेको समायोजन सम्पन्न हुनेछ । त्यस्तो समायोजन गर्दा पूर्व पार्टी समितिका आधिकारिक माइन्यूटहरूलाई आधार बनाउने र समायोजन गर्दा पार्टी विधान र समायोजन निर्देशिका- २०७७ लाई आधार मानि गर्नु पर्ने छ ।

ग) जनता समाजवादी पार्टी, नेपालको नामबाट पार्टी एकीकरण पछि गठन गरिएका समानन्तर समितिहरूलाई पार्टीले मान्यता नदिने निर्णय गरियो । पार्टी संगठन भित्र देखा परेका समस्याहरूलाई पार्टीको नियमावली, विधान तथा आचारसंहीता भित्र रही पार्टी कार्यपद्दती अनुसार संगठनात्मक रूपले हल गर्नु पर्ने छ ।

घ) समायोजन कार्य सम्पन्न गर्न बाँकी रहेका प्रदेशहरूका लागि निम्न लिखित कार्यकारिणी सदस्यहरूलाई जिम्मा दिइएको छ ।

| | |
|---|---|
| १) गण्डकी प्रदेश | - रमेश यादव, शिवलाल थापा, हिसिला यमी र हेमराज राई |
| २) बागमति प्रदेश | - गंगानारायण श्रेष्ठ, रमेश यादव र शुसीला श्रेष्ठ |
| ३) सुदुरपश्चिम प्रदेश | - गोविन्द चौधरी, दुर्गा सोव र रणध्वज कन्दङ्वा |

८) कार्यकारिणी समितिका सदस्यहरूको पद नाम तोक्ने र कार्यकारिणी सदस्यहरू थप गर्ने लगायतका कार्य पार्टीको विधान अधिवेशन पछि गर्ने निर्णय गरियो ।

९) पार्टीको विधान अनुसार पार्टीको विधान अधिवेशन २०७९ असाढ १ र २ गते गर्ने ।

उपेन्द्र यादव
अध्यक्ष